# खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि -२०७८

स्वीकृत मिति :२०७८/११/२०

पहिलो संशोधनः २०८०।१२।३०

**प्रस्तावनाः**

नगर, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा ट्रफी वा पदकसहित महत्वपूर्ण स्थान प्राप्त गरी नेपाल र नेपालीको गौरव बढाउन योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षकलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउने वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **धुनिवेशी नगरपालिकाले** यो कार्यविधि बनाइ जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि-२०७८ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क)"ओलम्पिक प्रतियोगिता" भन्नाले विश्वका विभिन्न देशहरुको सहभागिता रहने गरी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिबाट आयोजना हुने खेलकुद प्रतियोगिता सम्झनु पर्दछ र सो शब्दले पारा ओलम्पिक खेलकुद प्रतियोगितालाई समेत जनाउँदछ।

(ख)"एशियन खेलकुद प्रतियोगिता" भन्नाले एशियाली देशहरुको सहभागिता रहने गरी एशियन ओलम्पिक कमिटिबाट आयोजना गरिने खेलकुद प्रतियोगिता सम्झनु पर्छ र सो शब्दले पारा एशियन खेलकुद प्रतियोगितालाई समेत जनाउँदछ।

(ग) "दक्षिण एसियाली खेलकुद प्रतियोगिता" भन्नाले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनबाट सो संगठन सदस्य राष्ट्रहरुको सहभागिता रहने गरी आयोजना गरिने खेलकुद प्रतियोगिता सम्झनु पर्दछ।

(घ) "च्याम्पियनसिप खेलकुद प्रतियोगिता" भन्नाले सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल संघबाट आयोजना गरिने अन्तर्राष्ट्रिय वा महादेशस्तरको खेलकुद प्रतियोगिता सम्झनु पर्दछ।

(ङ) "प्रदेश खेलकुद प्रतियोगिता" भन्नाले प्रदेश स्तरीय संघ संस्थाबाट आयोजना गरिने खेलकुद प्रतियोगिता सम्झनु पर्छ।

(च) "जिल्ला खेलकुद प्रतियोगिता" भन्नाले जिल्ला स्थित खेल संघबाट आयोजना गरिने खेलकुद प्रतियोगिता र जिल्ला स्थित राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्झनु पर्दछ।

(छ) "पारा खेलकुद प्रतियोगिता" भन्नाले फरक तथा भिन्न शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक क्षमता र रुचि भएका खेलाडीहरुको मात्र सहभागिता रहने गरी आयोजना हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगिता सम्झनुपर्दछ।

(ज) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ।

(झ) "महत्वपुर्ण स्थान" भन्नाले खेलकुद प्रतियोगिता प्रथम, द्वितीय, तृतीय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गरेको अवस्था सम्झनु पर्दछ।

(ञ) "राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता" भन्नाले विद्यालयस्तरबाट खेल प्रतिभाको खोजी गर्न सञ्चालन गरिने केन्द्र, प्रदेश तथा स्थानीयस्तरको खेलकुद प्रतियोगिता सम्झनु पर्दछ।

(ट) "राष्ट्रिय खेलकुद प्रतियोगिता" भन्नाले नेपाल सरकार वा परिषद्‌ले राष्ट्रियस्तरमा औपचारिक रुपमा आयोजना गरेको खेलकुद प्रतियोगिता सम्झनु पर्दछ।

(ठ) "शाखा" भन्नाले नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

३. **<u>सिफारिस समिति सम्बन्धी व्यवस्थाः</u>** (१) महत्वपुर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक तथा सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई यस निर्देशिका बमोजिम पुरस्कार तथा सम्मानको लागि नगरपालिका समक्ष सिफारिस गर्न देहाय बमोजिमको ५ सदस्यीय खेलकुद पुरस्कार तथा सम्मान समिति रहनेछः—

(क) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख —संयोजक

(ख) सामाजिक विकास समितिको सदस्य — सदस्य

(ग) नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयका

प्र.अ.मध्ये -१ जना सदस्य

(घ) नगरपालिकाको लेखा शाखा प्रमुख -सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत वा शाखा प्रमुखले तोकेको व्यक्ति -सदस्य सचिव

२) समितिको बैठक वर्षको कम्तिमा चार पटक बस्नु पर्नेछ।

३) समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनु पर्नेछ।

४) समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ।

५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तथा पुरस्कार तथा सम्मानको लागि सिफारिस गर्दा अपनाउने अन्य प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) समितिको सचिवालयको काम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ।

४. <u>**पुरस्कार तथा सम्मान प्रदान गरिने:**</u> (१) नगरपालिकाले ओलम्पिक प्रतियोगिता, एशियन खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद प्रतियोगितामा महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी तथा त्यस्तो खेलका प्रशिक्षकलाई अनुसूची-१ मा उल्लेख भए बमोजिम नगद पुरस्कार र सम्मानपत्र प्रदान गर्नेछ।

२) नगरपालिकाले राष्ट्रिय खेलकुद प्रतियोगिता वा केन्द्रियस्तरको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सोही स्तरको खेलकुद प्रतियोगितामा **पहिले कायम भएको राष्ट्रिय कीर्तिमान तोडी नयाँ कीर्तिमान सहित** महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडीलाई व्यक्तिगत प्रतिस्पर्धा तर्फको स्वर्ण, रजत र काँस्य पदक प्राप्त गर्ने खेलाडीलाई क्रमशः ३० हजार, २० हजार र १० हजार र सामुहिक प्रतिस्पर्धा तर्फ स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने प्रत्येक खेलाडीलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ।

३) नगरपालिकाले प्रदेश स्तरको खेलकुद प्रतियोगितामा महत्वपुर्ण स्थान हाँसिल गर्ने खेलाडीहरुलाई व्यक्तिगत स्पर्धा तर्फको स्वर्ण, रजत, कास्य पदक प्राप्त गर्ने खेलाडीलाई क्रमशः १५ हजार, १० हजार र ७ हजार र सामूहिक प्रतिस्पर्धा तर्फ स्वर्ण, रजत र कास्य पदकलाई क्रमशः १० हजार, ७ हजार र ५ हजार नगद पुरस्कार र सम्मानपत्र प्रदान गर्नेछ।

४) नगरपालिकाले जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडीलाई व्यक्तिगत प्रतिस्पर्धातर्फ प्रथम, द्धितीय र तृतीयलाई क्रमश १० हजार, ७ हजार र ५ हजार तथा सामूहिक स्पर्धा तर्फ प्रथम, द्धितीय र तृतीयलाई क्रमश ७ हजार, ५ हजार र ३ हजार नगद पुरस्कार र सम्मान पत्र प्रदान गरिनेछ।

५) ओलम्पिक प्रतियोगिता, एशियन खेलकुद प्रतियोगिता, दक्षिण एशियाली खेलकुद प्रतियोगिता खेलाडी सहभागी गराई महत्वपुर्ण स्थान हासिल गर्ने सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको नगद पुरस्कार र सम्मान पत्र प्रदान गर्नेछ।

६) कुनै खेलाडीले राष्ट्रिय कृतिमान सहित कुनै पदक प्राप्त गरेमा उसले प्राप्त गर्ने पुरस्कार राशिमा रु.२ हजार थप गरी प्रदान गरिनेछ ।

७) कुनै खेलाडिले राष्ट्रिय कृतिमान सहित कुनै पदक प्राप्त गरेमा उसले प्राप्त गर्ने पुरस्कार राशिमा थप रु २ हजार प्रदान गरिनेछ ।

८) एउटै प्रतियोगितामा कुनै खेलाडिले २ वा सो भन्दा बढी स्वर्ण पदक हासिल गरेमा प्राप्त पुरस्कार राशि दोब्वर हुनेछ ।

५. <u>पुरस्कार तथा सम्मानको लागि निवेदन तथा सिफारिस सम्बन्धी व्यवस्थाः</u> (१) ओलम्पिक प्रतियोगिता, एशियन खेलकुद प्रतियोगिता, दक्षिण एसियाली खेलकुद प्रतियोगितामा महत्वपूर्णस्थान हासिल गर्ने खेलाडी, त्यस्तो खेलका प्रशिक्षक दफा ४ को उपदफा (१) बमोजिम सम्मान तथा पुरस्कारको सिफारिसको लागि सम्बन्धित खेलकुद प्रतियोगिता सम्पन्न भएको १ महिनाभित्र देहायको विवरण तथा कागजात संलग्न गरी नगरपालिकाले निर्धारण गरे बमोजिम ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) खेलकुद प्रतियोगिताका आयोजकबाट प्रदान गरिएको प्रमाण पत्रको प्रतिलिपि,

(ख) त्यस्तो प्रतियोगितामा भाग लिन परिषद्को वा नगरपालिकाको स्वीकृतिमा गएको प्रमाण,

(ग) परिषद् र सम्बन्धित खेलकुद सम्बन्धी संघको सिफारिस पत्र,

(घ) सम्बन्धित खेलाडी, प्रशिक्षकले नेपाल सरकारलाई तिर्न बुझाउन कुनै बेरुजु वा अन्य रकम बाँकी नरहेको भन्ने स्वःघोषणा।

२) ओलम्पिक प्रतियोगिता, एशियन खेलकुद प्रतियोगिता, दक्षिण एशियाली खेलकुद प्रतियोगितामा खेलाडी सहभागी गराइ दफा ४ को उपदफा (५) बमोजिम पुरस्कार जित्ने सम्बन्धित खेलकुद सम्बन्धी संस्थाले सम्बन्धित खेलकुद प्रतियोगिता सम्पन्न भएको १(एक) महिनाभित्र देहायको विवरण खोली समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क)प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको,

(ख)अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण सम्पन्न गरेको,

(ग) नेपाल सरकारलाई सम्बन्धित संस्थाले तिर्न बुझाउन पर्ने कुनै रकम बेरुजु नरहेको,

(घ) नियमित निर्वाचन प्रक्रियाबाट सम्बन्धित संस्थाको कार्य समिति गठन भएको,

(ङ) खेलकुद परिषदमा आवद्ध भएको, र

(च) प्रचलित कानुन बमोजिम परिषद्को लगतबाट नाम कट्टा नभएको।

३) उपदफा (१) र (२) बमोजिम प्राप्त जानकारी तथा कागजात उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा समितिले महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, त्यस्तो खेलका प्रशिक्षक र सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई यस कार्यविधि बमोजिम पुरस्कार तथा सम्मान प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्नेछ।

६. <u>कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्नेः</u> (१) पुरस्कार तथा सम्मानको लागि समितिबाट सिफारिस भएका खेलाडी, त्यस्तो खेलका प्रशिक्षक, तथा सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई कार्यक्रम आयोजना गरी नगरपालिकाले सम्मान तथा पुरस्कार प्रदान गर्नेछ।

२) यस दफा बमोजिम प्रदान गरिने सम्मान पत्रको ढाँचा नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

७. <u>विशेष सुविधा प्रदान गरिनेः</u> नगरपालिकाले ओलम्पिक प्रतियोगितामा कुनै पदक, एशियन खेलकुद प्रतियोगितामा कम्तिमा एक स्वर्ण सहित दुईवटा पदक वा दक्षिण एशियाली खेलकुद प्रतियोगिताको अफिसियल खेलमा कम्तिमा तीन पटक स्वर्ण पदक प्राप्त गरेका खेलाडीहरुले खेल जीवनबाट सन्यास लिएमा निजको जीवनभर एकपटकको लागि एकमुष्ठ एक लाख रुपैयाँ विषेश सुविधा वापत् प्रदान गरिनेछ।

८. **<u>बजेट व्यवस्थाः</u>** यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मानको लागि आवश्यक रकमको व्यवस्था नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विनियोजित बजेटबाट गरिनेछ।

९. पुरस्कार प्राप्त गर्ने खेलाडी र प्रशिक्षक धुनिवेशी नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने छ ।

## परिच्छेद-२

१०. अमान्य हुनेः यो कार्यविधि अन्य कुनै कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

११. बचाउ यो कार्यविधिको क्रममा द्विविधा भएमा कार्यपालिकाको निर्णाय अन्तिम हुनेछ।

१२. संशोधन यस कार्याविधिको कुनै भाग वा दफामा संसोधन, खारेजी वा हेरफेर गर्ने अधिकारी नगर कार्यपालिकामा रहनेछ ।

# अनुसुची-१

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

१. ओलम्पिक, एशियन खेलकुद र दक्षिण एशियाली खेलकुद प्रतियोगितामा महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, सोका प्रशिक्षक तथा सम्बन्धित खेलकुद संस्थालाई प्रदान गरिने नगद पुरस्कार

| संसोधित खेलकुद पुरस्कार तथा सम्मान सम्वन्धी व्यवस्था | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं | प्रतियोगिताको नाम | पदक | व्यक्तिगत स्पर्धा पुरस्कार रकम रु. | सामुहिक स्पर्धा पुरस्कार रकम रु. | प्रशिक्षकको पुरस्कार रकम रु. | कैफियत |
| १ | ओलम्पिक खेलकुद प्रतियोगिता | स्वर्ण | २ लाख | ५० हजार | २५ हजार | दफा ४ को उपदफ १ सँग सम्वन्धित अनुसुची १ |
| | | रजत | १ लाख | २५ हजार | १५ हजार | |
| | | कास्य | ५० हजार | १५ हजार | १० हजार | |
| २ | एसियन खेलकुद प्रतियोगिता | स्वर्ण | १ लाख | ५० हजार | १५ हजार | |
| | | रजत | ७५ हजार | २५ हजार | १० हजार | |
| | | कास्य | ५० हजार | १५ हजार | ५ हजार | |
| ३ | दक्षिण एसियाली खेलकुद प्रतियोगिता | स्वर्ण | २५ हजार | १५ हजार | १० हजार | |
| | | रजत | १५ हजार | १० हजार | ७ हजार | |
| | | कास्य | १० हजार | ५ हजार | ५ हजार | |
| ४ | अन्तराष्ट्रिय स्तरको प्रतियोगिता | स्वर्ण | २० हजार | १२ हजार | - | संसोधनमा थप गरिएको |
| | | रजत | १५ हजार | १० हजार | - | |
| | | कास्य | १० हजार | ५ हजार | - | |
| ५ | राष्ट्रिय स्तरको प्रतियोगिता | स्वर्ण | २० हजार | १० हजार | - | |
| | | रजत | १५ हजार | ७ हजार | - | |
| | | कास्य | १० हजार | ४ हजार | - | |
| ६ | जिल्लास्तरको प्रतियोगिता | स्वर्ण | ८ हजार | ५ हजार | - | |
| | | रजत | ६ हजार | ३ हजार | - | |
| | | कास्य | ४ हजार | २ हजार | - | |